


वर्ष ४२ | अंक २ | नेपाल राष्ट्र बैंक समाचार | कात्तिक २०७४ | अक्टोबर-नोभेम्बर २०१७

# गभर्नर डा. नेपाल 2017 IMF/WBG Annual Meetings मा सहभागी भई स्वदेश फिर्ता




गभर्नर डा. चिरंजीबि नेपाल International Monetary Fund (IMF) र World Bank (WB) ले 2017 अक्टोबर 12 देखि 15 सम्म संयुक्त राज्य अमेरिकाको वासिंगटन डि. सि. मा आयोजना गरेको 2017 Annual Meetings of WBG/IMF मा सहभागी भई 2017 अक्टोबर 18 मा स्वदेश फर्कनु भयो ।

गभर्नर डा. नेपाल अक्टोवर 12 का दिन 35औं SAARCFINANCE Group Meeting मा सहभागी हुनु भयो । SAARC राष्ट्रका केन्द्रीय बैंकका गभर्नर र अर्थ सचिवहरुको सहभागिता रहेको सो बैठकमा SAARCFINANCE Database तथा विभिन्न अध्ययन, तालिम र सेमिनार आयोजना गर्ने सम्बन्धमा छलफल भयो । सोही बैठकले आगामी एक वर्षको लागि SAARCFINANCE को अध्यक्षता बंगलादेशबाट अफगानिस्तानलाई हस्तान्तरण गर्ने निर्णय गर्‍यो । सो अवसरमा गभर्नर डा. नेपालले ३६औं SAARCFINANCE Group Meeting तथा १४औं Governors Symposium 2018 को

बाँकी २ पेजमा

# गभर्नर डा. नेपाल Inclusive and Sustainable Economic Growth for the Asia-Pacific Region विषयक Conference मा



गभर्नर डा. चिरंजीबि नेपाल IMF's Regional Office for Asia and the Pacific (OAP) स्थापना भएको २०औं वर्ष पूरा भएको उपलक्ष्यमा नोभेम्बर 8 – 9 मा International Monetary Fund र Japan's Ministry of Finance ले जापानको टोकियोमा आयोजना गरेको Inclusive and Sustainable Economic Growth for the Asia-Pacific Region विषयक Conference मा सहभागी हुनुभयो ।

उक्त Conference मा गभर्नर डा. नेपालले नेपालको आर्थिक तथा वित्तीय स्थिति, नेपाली अर्थतन्त्रका अवसर तथा चुनौतीहरु, समावेशी र दिगो आर्थिक विकास तथा पूर्वाधार विकासका लागि नेपालले अपनाएका उपायहरुका साथै अन्तर्राष्ट्रिय मुद्रा कोष र जापानले नेपालको विकासमा पुर्‍याएको र पुर्‍याउन सक्ने योगदान बारे प्रकाश पार्नुभयो । सो Conference मा गभर्नर डा. नेपाल र अन्तर्राष्ट्रिय मुद्रा कोषका म्यानेजिङ डाइरेक्टर Christine Lagarde बीच भेटवार्ता भयो ।

गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित पनि सहभागी रहनु भएको सो Conference सम्बन्धी विस्तृत समाचार आगामी अंकमा दिइने छ ।

१ पेजको बाँकी

# गभर्नर डा. नेपाल...

जुन महिनाको चौथो हप्तामा नेपालमा आयोजना गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले प्रारम्भिक तयारी गरिरहेको जानकारी गराउनु भयो ।



अक्टोबर 12 कै दिन गभर्नर डा. नेपाल WBG-IMF Southeast Asia Constituency को Joint Governors Meeting मा सहभागी हुनुभयो । दक्षिण-पूर्वी एशिया समूहका अर्थमन्त्री, गभर्नर र उच्च पदाधिकारीहरुको उपस्थिति रहेको उक्त बैठकमा विश्व अर्थतन्त्र, वित्तीय क्षेत्र, दक्षिण-पूर्वी एशिया क्षेत्रको समसामयिक आर्थिक विषयहरुका साथै हालको अवस्थामा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले अवलम्वन गरेका नीतिहरुबारे छुट्टाछुट्टै प्रस्तुति र छलफल भएको थियो ।

गभर्नर डा. नेपालले अक्टोवर 13 को दिन IMF को Annual Meetings Plenary बैठकमा भाग लिनुभयो । बैठकमा वर्तमान विश्व अर्थतन्त्रका चुनौतीहरूका बारेमा छलफल हुनुका साथै बढ्दो आर्थिक असमानताका प्रति चिन्ता व्यक्त गरिएको थियो भने आर्थिक वृद्धि बढी समावेशी हुनु पर्नेमा जोड दिइएको थियो । विश्व अर्थतन्त्रको अवस्था हाल सुधारोन्मुख रहेको र यो अवस्थालाई सदुपयोग गरी मौद्रिक तथा वित्तीय नीतिको संयुक्त प्रयोगबाट आर्थिक वृद्धिलाई सबल, दिगो र समावेशी बनाउनु पर्ने धारणा समेत उक्त बैठकमा व्यक्त भएको थियो ।



सोही दिन गभर्नर डा. नेपाल र IMF को लागि Asia Pacific Region का Director Dr. Changyong Rhee बीच भेटघाट सम्पन्न भयो । सो क्रममा गभर्नर डा. नेपालले नेपाली अर्थतन्त्रको समसामयिक स्थिति र नेपालले आ. व. 2074/75 मौद्रिक नीतिमा वित्तीय क्षेत्रको सन्दर्भमा लिएका नीतिगत व्यवस्थाहरुका बारे जानकारी गराउनु भएको थियो । सो भेटमा Dr. Rhee ले नेपालको आर्थिक तथा वित्तीय सूचाङ्कहरुको वर्तमान अवस्था प्रति खुसी व्यक्त गर्नुहुँदै नेपाल राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय व्यवस्थापनका सम्बन्धमा चालेका कदमहरुको सराहना गर्नुभयो ।

गभर्नर डा. नेपालले अक्टोबर 13 कै दिन IMF को Monetary and Capital Market (MCM) डिभिजनका उच्च पदाधिकारीहरुसँग भएको द्विपक्षीय भेटवार्ताको क्रममा नेपालले प्राप्त गरेको प्राविधिक सहयोगका विषयवस्तुहरुका बारे छलफल गर्नुहुँदै अन्तर र्राष्ट्रिय मुद्रा कोषबाट मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि प्राप्त प्राविधिक सहयोग तथा सल्लाह महत्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो । उक्त भेटमा MCM डिभिजनका उच्च पदाधिकारीहरुले नेपालको वित्तीय क्षेत्र सुदृढीकरणका लागि नेपाल राष्ट्र बैंकलाई आवश्यक सहयोग उपलव्ध गराउन तयार रहेको वताएका थिए ।

सोही दिन गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषका दक्षिणपूर्वी एशिया समूहका कार्यकारी निर्देशक Mr. Juda Agung सँग शिष्टाचार भेट गर्नुभयो । सो भेटमा अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाललाई दिँदै आएको Policy Advice, प्राविधिक सहयोग तथा तालिम एवम् नेपालको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रको वर्तमान अवस्थाबारे छलफल भएको थियो ।

त्यसैगरी अक्टोबर 14 का दिन गभर्नर डा. नेपालले IMF को Asia Pacific Department ले आयोजना गरेको Regional Economic Outlook Breakfast Meeting मा सहभागिता जनाउनुका साथै विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाका उच्च पदस्थ पदाधिकारीहरुसँग विभिन्न विषयमा द्विपक्षीय छलफल तथा भेटवार्ता गर्नुभएको थियो ।

अक्टोबर 15 मा गभर्नर डा. नेपाल र IMF का Deputy Managing

बाँकी अन्तिम पेजमा

# Capital Adequacy Framework सम्बन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभागको आयोजनामा सोही विभागका कर्मचारीहरुका लागि मिति २०७४ असोज २७ गतेका दिन काठमाडौमा Capital Adequacy Framework 2007 (updated 2008) सम्बन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न भयो ।

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा बैंक भित्रकै वार्ताकारद्वय निर्देशक किरण पण्डित र उपनिर्देशक राजनदेव भट्टराईले क्रमश: Overview of Capital & Capital Adequacy Framework 2007 (Updated 2008) र Overview of Basel Core Principles (including Basel initiatives of Basel I-III) का बारेमा अनुशिक्षण प्रदान गर्नुभएको थियो ।

अनुशिक्षण कार्यक्रममा प्रमुख अतिथि तथा डेपुटी गभर्नर शिवराज श्रेष्ठले केन्द्रीय बैंकको सुपरिवेक्षकीय व्यवस्थालाई सुदृढ गर्न बासल कमिटीको योगदान बारे चर्चा गर्दै बासल १ लागु गर्न प्रस्ताव गर्ने बासल कमिटीले क्रमश: बासल २ तथा बासल ३ क्यापिटल एकर्ड किन ल्याउनु पऱ्यो भन्ने विषयमा प्रकाश पार्नुभयो । उहाँले बासल–२ ले क्यापिटल अर्थात् पुँजीलाई सर्वोपरि मानेको सन्दर्भ उल्लेख गर्दै त्यस व्यवस्थाले पनि ई. सं २००७ को वित्तीय संकटलाई टार्न नसकेको कुरा बताउनु भयो । उहाँले बासल ३ बासल २ का कमीलाई सुधार गर्नेगरी आएको स्पष्ट पार्नुभयो ।

डेपुटी गभर्नर श्रेष्ठले अहिलेको समय वित्तीय स्थायित्वमा ध्यान दिनुपर्ने समय भएकाले सुपरिवेक्षकले आफूले सुपरिवेक्षण गर्ने संस्थाको सबैजसो पक्षमा जानकारी र चासो लिई तदनुकूल क्षमता विकास गर्नु आवश्यक रहेको बताउनु भयो । बैंक वा वित्तीय संस्थाको पुँजी shock absorb गर्नसक्ने हुनुपर्ने कुरामा जोड दिँदै उहाँले वित्तीय प्रणालीमा प्रणालीगत जोखिम आउन नदिन सबै पक्ष सजग



रहनु पर्ने, सुपरिवेक्षकले सम्बन्धित संस्थाको कैफियत तथा सुधारका लागि दिइने निर्देशन वा गरिने कारवाहीको सूचना चुहाउन नहुने तथा नियमन व्यवस्थामा केही कमजोरी छ भने सो समेत सुधार गर्न सहयोग गर्नुपर्ने बताउनु भयो ।

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन १/०७४ मा भएको व्यवस्था बमोजिम राष्ट्रिय स्तरका 'ग' वर्गका वित्तीय संस्थाहरुले Capital Adequacy Framework 2007 (updated 2008) अनुसार समानान्तर रुपमा वित्तीय विवरणहरु तयार गरी सम्बन्धित सुपरिवेक्षण विभागमा नियमित रुपमा पेश गर्नुपर्ने व्यवस्था बमोजिम विभागका कर्मचारीहरुको सो विषयमा दक्षता वृद्धि गर्न कायक्रम सञ्चालन गरिएको कायम मुकायम कार्यकारी निर्देशक वासुदेव अधिकारीले बताउनु भयो । उहाँले हाल सञ्चालनमा रहेका २१ वटा वित्त कम्पनीहरुमध्ये ९ वटा वित्त कम्पनीहरुले मात्र बासल २ अनुरुपको समानान्तर रिपोर्टिङ गरिरहेको अवस्था देखिएको र सबै वित्त कम्पनीहरुलाई बासल २ सहित समानान्तर रिपोर्टिङ गर्न लगाउनु पर्ने, रिपोर्टिङ भएका संस्थाको रिपोर्टिङ ठीक छ छैन यकिन गर्न तथा नभएकाहरुलाई सजग गराउन, स्थलगत निरीक्षणको क्रममा आफ्नो सुपरिवेक्षकीय भूमिका प्रभावकारी बनाउन बासल २ बारेको ज्ञान अत्यावश्यक भएकाले कार्यक्रम आयोजना गरिएको बताउनु भयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापाले प्रमुख अतिथि, विज्ञ वार्ताकार तथा सहभागीहरुलाई स्वागत गर्दै यस अनुशिक्षण कार्यक्रमबाट Capital Adequacy Framework 2007 को सम्बन्धमा ज्ञान अभिवृद्धि गर्न सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो भने का. मु. निर्देशक ईश्वरीप्रसाद नेउपानेले अनुशिक्षण कार्यक्रममा सहभागिताको लागि सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रम उपनिर्देशक राजन अधिकारीले सञ्चालन गर्नुभएको थियो ।

# मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम

अनुसन्धान विभाग, मूल्य महाशाखाले बाँके जिल्लाको कोहलपुर बजारकेन्द्रमा असोज २८ गते र सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका बजारकेन्द्रमा असोज ३० गते "मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम" सम्पन्न गरेको छ ।




नेपालगञ्ज कार्यालयका निर्देशक गुरूप्रसाद पौडेलको सभापतित्व एवम् अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको कोहलपुर बजारकेन्द्रको कार्यक्रममा कोहलपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, कोहलपुर नगरपालिका वडा नं ११ का अध्यक्ष कर्णवहादुर थापा, नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक आनन्दप्रसाद भट्टराई तथा कोहलपुर बजारकेन्द्रका स्रोत पसलधनीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा अन्तरक्रिया कार्यक्रम गर्नुको औचित्य पुष्टि गर्दै नेपाल राष्ट्र बैंकले कोहलपुर बजारकेन्द्र लगायतबाट मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, मूल्य तथ्याङ्कको उपयोगिता एवम् मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मूल्य तथ्याङ्कसँग सम्बन्धित विविध पक्षहरूका बारे संक्षिप्त वार्ता प्रस्तुत गर्नुका साथै कार्यक्रमका सहभागीहरूबाट उठाइएका जिज्ञासाहरूलाई समेत सम्बोधन गर्नुभएको थियो । कार्यक्रमका सभापति एवम् नेपालगञ्ज कार्यालयका निर्देशक गुरूप्रसाद पौडेलले आफ्नो मन्तव्य सहित कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथि एवम् सहभागीहरुलाई धन्यवाद दिई कार्यक्रम समापन गर्नुभयो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक सुन्दर खड्काले गर्नुभएको थियो ।

त्यसैगरी, सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका बजारकेन्द्रमा सञ्चालित अन्तरक्रिया कार्यक्रममा अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले सभापतित्व एवम् सुर्खेत उद्योग वाणिज्य संघको वाणिज्य उपाध्यक्ष धनबहादुर रावतले प्रमुख आतिथ्यता ग्रहण गर्नुभएको थियो । सो कार्यक्रममा सुर्खेत उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, जनजागृत प्राथमिक विद्यालय र श्री सिद्ध बहिरा बाल स्कुलका प्रधानाध्यापकहरू क्रमशः ज्ञानुकुमारी सुवेदी र रिदेश के.सी. तथा वीरेन्द्रनगर नगरपालिका बजारकेन्द्रका स्रोत पसलधनीहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकले मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलनका विधिहरू, मूल्य तथ्याङ्कको उपयोग एवम् उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमका सभापति एवम् अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मूल्य तथ्याङ्कसँग जोडिएमा विविध पक्षहरूका बारेमा मन्तव्य प्रस्तुत गर्नुका साथै कार्यक्रममा उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभयो । अन्तमा, सम्पूर्ण अतिथि एवम् सहभागीहरूलाई धन्यवाद दिई कार्यक्रम सम्पन्न भएको घोषणा गर्नुभयो । प्रस्तुत कार्यक्रम सहायक निर्देशक सुन्दर खड्काले सञ्चालन गर्नुभएको थियो ।




प्रस्तुत दुबै कार्यक्रममा अतिथिको रूपमा सम्बोधन गर्नु हुने कोहलपुर उद्योग वाणिज्य संघका महासचिव तेजप्रसाद अधिकारी र सुर्खेत उद्योग वाणिज्य संघका वाणिज्य उपाध्यक्ष धनबहादुर रावतले आ-आफ्नो मन्तव्यको क्रममा नेपाल राष्ट्र बैंकले संकलन गर्दै आएको मूल्य तथ्याङ्कले मुलुकको समग्र मुद्रास्फीतिको मापन हुने र मूल्यको प्रभावबाट अर्थतन्त्रलाई जोगाउन बैंकले गर्दै आएको कार्यको प्रशंसा गर्नुका साथै सम्पूर्ण व्यवसायीहरूलाई बैंकले मागेको समयमा बिना हिच्किचाहट यथार्थ मूल्य तथ्याङ्क दिन अनुरोध समेत गर्नुभएको थियो ।

# खलंगामा बैंकिङ एवम् आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रिया कार्यक्रम

धनगढी कार्यालयको आयोजनामा दार्चुला जिल्लाको सदरमुकाम खलंगामा एक दिवसीय बैंकिङ एवम् आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रिया कार्यक्रम आश्विन २६ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा धनगढी कार्यालयका निर्देशक धनञ्जय शर्माले समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिका सम्बन्धमा दार्चुला जिल्लामा आर्थिक गतिविधि बढाउने, वित्तीय साक्षरता अभिवृद्धि गर्ने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरु, कृषि, सेवा र उद्योगसँग सरोकार राख्ने निकायहरुबाट प्राप्त हुने तथ्यांकहरुको शुद्धता सहित बैंकले तोकेको ढाँचा बमोजिम उपयुक्त समय सीमा भित्र प्राप्त गर्नुपर्ने हुँदा यस सम्बन्धमा देखिएका समस्या, सुझाव तथा तिनको समाधान लगायतका सन्दर्भमा आफ्नो मन्तव्य व्यक्त गर्नुका साथै नेपाल राष्ट्र बैंकले सरोकारवालाहरुलाई सक्दो सहयोग र समन्वय गर्ने बताउनु भयो ।

कार्यक्रममा उपनिर्देशक रमेश आचार्यले बैंकिङ एवम् आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रियाको उद्देश्य र आवश्यकता माथि प्रकाश पार्दै कृषि, उद्योग/व्यापार तथा पर्यटन विकास लगायत समग्र बैंकिङ तथा आर्थिक गतिविधिका सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुतिका क्रममा बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनशील क्षेत्रमा लगानी केन्द्रित गर्नुपर्ने, आर्थिक कारोवार बैंकिङ च्यानलबाट गरेमा मात्रै बचतको सदुपयोग भई बैंकिङ पद्धतिको विकासमा सहयोग पुग्ने हुँदा बैंकहरुले अन्य सम्भावित क्षेत्रहरु समेत पहिल्याएर लगानी गर्नुपर्ने धारणा राख्दै उत्साहजनक र सक्रिय सहभागिताको लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

अन्तरक्रियाकै सिलसिलामा उक्त जिल्लामा कृषि उपजको बजारीकरणको व्यवस्था नभएकोले कृषि उत्पादन उपभोगमा मात्र सीमित गर्न बाध्य हुनुपरेको, भारतसँगको खुला सीमानाको कारण नेपालमै उपलब्ध भएका केही वस्तुहरुको लागि पनि भारतको सीमावर्ती बजार धार्चुलाबाट अधिक मात्रामा आयात गर्ने अवस्था रहेको, नेपाली रुपैयाँ भारतीय सीमावर्ती बजारमा भारतीय रुपैयाँ खरिद गर्न प्रयोग गर्ने गरिएको कारण बैंक तथा वित्तीय संस्थाहरुमा राखिने निक्षेप वृद्धिमा समेत नकारात्मक असर परेको, वित्तीय चेतनाको अभावले नेपाली रुपैयाँ बैंकिङ प्रणाली मार्फत् कारोबारमा प्रयोग हुन नसकिरहेको जस्ता समस्याहरु सहभागीहरुबाट जानकारी गराइएको थियो ।

जिल्लाका सरकारी कार्यालयका प्रतिनिधिहरु, उद्योगी/व्यवसायी, बैंक तथा वित्तिय संस्थाका प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रम निर्देशक शर्माको सभापतित्व तथा उद्योग वाणिज्य संघ दार्चुलाका उपाध्यक्ष इन्द्रदेव पन्तको आतिथ्यतामा सहायक निर्देशक नरेन्द्रबहादुर चन्दले संचालन गर्नुभएको थियो ।

# सिद्धार्थनगर कार्यालयमा शुभकामना आदानप्रदान, स्वागत, बिदाई तथा बधाई समारोह

नेपाल राष्ट्र बैंक कर्मचारी संघ, सिद्धार्थनगर समितिले समितिका अध्यक्ष शंकर भट्टराईको सभापतित्वमा असोज २७ गते एक समारोहको आयोजना गरी शुभकामना आदानप्रदान, स्वागत, बिदाई तथा बधाई कार्यक्रम सम्पन्न गऱ्यो ।



नेपालीहरुको महान चाड विजया दशमी, दीपावली, छठ लगायतका पर्वहरुको अवसरमा सो दिन शुभकामना आदानप्रदान गरियो । सिद्धार्थनगर कार्यालयमा सरुवा भई आउनु भएका निर्देशक अशोककुमार पौडेलको स्वागत तथा तीस वर्ष सेवा अवधिबाट अवकाश प्राप्त सहायक दुर्गाप्रसाद अर्यालको सम्मान र मायाको चिनो सहित बिदाई पनि उक्त समारोहमा सम्पन्न भयो ।



सोही समारोहमा प्रधान सहायकद्वय निर्मला दाहाल, कृष्णप्रसाद भट्टराई र सहायक द्वितीय गोविन्द शर्मालाई आन्तरिक प्रतियोगितामा प्राप्त गरेको सफलताका निम्ति बधाई दिइएको थियो । नेपाल राष्ट्र बैंक कर्मचारी संघ, सिद्धार्थनगर समितिका सदस्य गेदा पंगेनीले स्वागत मन्तव्य राख्नु भएको सो कार्यक्रमको सञ्चालन समितिका सहसचिव राजकुमार लामाले गर्नुभएको थियो ।

# क्षेत्रीय स्तरमा गठित वित्तीय क्षेत्र संयन्त्रको जनकपुरमा गोष्ठी

जनकपुर कार्यालयले उत्पादनशील क्षेत्र, विपन्न वर्ग एवम् उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहमा रहेका समस्याहरूको पहिचान गरी सोको निराकरणका लागि क्षेत्रीयस्तरमा गठित वित्तीय क्षेत्र संयन्त्रको गोष्ठी असोज २७ गते आयोजना गऱ्यो । उक्त गोष्ठीमा नेपाल सरकार, मन्त्रीपरिषदले पारित गरेको कृषि तथा पशुपंक्षी कर्जामा ब्याज अनुदान कार्यविधि कार्यान्वयनमा देखिएका समस्या तथा मौद्रिक नीतिमा उल्लेख भएको सहुलियतपूर्ण कर्जा कार्यान्वयन सम्बन्धमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, सरोकारवाला कृषक, व्यवसायी, उद्यमी, नेपाल सरकारका प्रतिनिधिहरूसँग छलफल भयो ।




गोष्ठीमा जनकपुर कार्यालयका निर्देशक तथा संयन्त्रका संयोजक रामप्रसाद गौतमले क्षेत्रीयस्तरमा गठित वित्तीय क्षेत्र समन्वय संयन्त्रको औचित्य र तोकिएको क्षेत्रमा कर्जा प्रवाहको प्रभावकारिताका बारेमा प्रस्तुति दिनुभयो । प्रस्तुतिका क्रममा निर्देशक गौतमले निर्देशित कर्जा कार्यक्रमलाई सफल बनाउनका लागि नेपाल राष्ट्र बैंकले कृषक दाजुभाइ, दिदीबहिनीहरूलाई सकभर वित्तीय सेवाबाट वञ्चित नगराउने उद्देश्य लिएको स्मरण गराउँदै आ-आफ्नो व्यवसायको समस्या तथा वित्तीय पहुँचमा समस्या भए नेपाल राष्ट्र बैंकलाई जानकारी गराउन अनुरोध गर्नुभयो । यसअघि स्वागत मन्तव्य दिँदै उपनिर्देशक प्रल्हाद गिरीले गोष्ठीको मुख्य उद्देश्य नै उत्पादनशील क्षेत्रका सरोकारवालाहरू जस्तै बैंकर, कृषक, व्यवसायी, उद्यमी, पशुपालक एवम् सञ्चार माध्यमका बीच सौहार्दपूर्ण छलफल गराउने र आइपरेको समस्यालाई सहजीकरण गर्न नेपाल राष्ट्र बैंकको समन्वयात्मक भूमिका रहेको बताउनु भएको थियो । उहाँले सरोकारवालाहरूले खुलेर अन्तरक्रिया गर्दा अर्थतन्त्रका वास्तविक क्षेत्रलाई थप पहिचान गर्न मद्दत पुग्ने कुरामा जोड दिनुभएको थियो ।

गोष्ठीमा नेपाल ग्रामीण विकास बैंकका क्षेत्रीय प्रबन्धक गोवर्द्धन खनालले "उत्पादनशीलतामा विपन्न वर्ग कर्जा" नामक कार्यपत्र प्रस्तुत गर्दै कर्जा लगानीको लागि रकमको अभाव, कर्जा दोहोरोपनाको समस्या, सामाजिक कुरीति र संस्कारका कारणले बैंकका प्रतिनिधिहरू ग्रामीण भेगमा जान नचाहने प्रवृत्ति आदि विपन्न वर्गको कर्जाका प्रमुख अवरोधहरू रहेको बताउनु भएको थियो । त्यस्तै, वित्तीय क्षेत्र समन्वय संयन्त्रका सदस्य तथा उद्योग वाणिज्य महासंघ, जनकपुरका कोषाध्यक्ष जितेन्द्र महासेठले उत्पादनशील क्षेत्रमा कम कर्जा प्रवाह भएको सम्बन्धमा धारणा राख्दै बैंकहरूको ब्याजदर बढेका कारण उद्योगको लागत बढ्न गई औद्योगिक उत्पादनमा असर गरिरहेको बताउनु भएको थियो ।

गोष्ठीमा जानकी पञ्चाइनान्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत रामनृत्य शर्माले बैंकहरूलाई कृषि तथा पशुपालन कर्जाका लागि सम्भाव्य ग्राहकको अभाव भएको र कृषि कर्जामा पनि त्रैमासिक ब्याज बुझाउनुपर्ने व्यवस्था व्यावहारिक नभएको विचार राख्दै बाली वा खेतीको एउटा सिजनपछि मात्रै बैंकलाई तिर्नेयोग्य रकम आउने भन्दै कृषि उत्पादनको चक्र, त्रैमासिक ब्याजको प्रतिकूल परिस्थिति र कृषकलाई यथेष्ट समयको अभाव लगायतका कारणले कृषि कर्जामा अपेक्षित सफलता हासिल गर्न नसकिएको बताउनु भएको थियो ।

गोष्ठीमा सहभागी भैंसीपालक कृषक रविकुमार यादवले दूधको माग बढिरहेको भए तापनि आर्थिक विपन्नता तथा भूमिहीनताका कारण बैंकबाट कर्जा लिन नसकेको गुनासो गर्नुभयो । उहाँले सरकारले दूधको न्युनतम समर्थन मूल्य लागत अनुसार परिमार्जन गर्न र डेरी उद्योगहरूलाई अनिवार्य रूपमा स्थानीय उत्पादन लिनुपर्ने नीतिगत व्यवस्था गर्न माग गर्नुभएको थियो ।

जनकपुर कार्यालयका सहायक निर्देशक बद्री नेपालले सञ्चालन गर्नुभएको सो गोष्ठीमा बैंक तथा वित्तीय संस्थाका तर्फबाट कृषि विकास बैंकका क्षेत्रीय प्रबन्धक प्रमोदबाबु तिवारी, राष्ट्रिय वाणिज्य बैंकका शाखा प्रबन्धक दीपक न्यौपाने, मिथिला लघुवित्त विकास बैंकका गोविन्द चापागाईं लगायतले पनि बैंकहरूबाट कृषि तथा पशुपालन क्षेत्रमा जाने कर्जाका विषयमा व्यावहारिक समस्याका बारेमा धारणा राख्नुभएको थियो ।

# जनकपुर कार्यालयमा स्वागत तथा बिदाई कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक जनकपुर कार्यालयमा सरुवा भई आउनु भएका निर्देशक रामप्रसाद गौतमको स्वागत गर्न कार्यालयले असोज २४ गते एक कार्यक्रम आयोजना गऱ्यो ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै निर्देशक गौतमले सबैको साथ र सहयोग लिएर कार्यालयको कामकारवाही अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नु भयो । जनकपुर कार्यालय प्रतिको धारणामा परिवर्तन ल्याउन बैंकको केन्द्रीय कार्यालयका केही कार्यक्रम जनकपुरमा आयोजना गराउने पहल गर्नेमा जोड दिँदै उहाँले यसका लागि आवश्यक वातावरण बनाउने कार्यमा कार्यालयका सबै कर्मचारीहरुबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । संस्थाबाट लिने मात्र होइन, संस्थाको लागि के कति योगदान गऱ्यौं भनी सबैले एक पटक सोच्नु पर्ने धारणा राख्दै उहाँले कर्मचारीहरुले अरु कसैका लागि काम गर्ने होइन, आफ्नै संस्थाको हितको लागि कार्य गर्नु पर्ने भएकोले मिलनसार र बफादार भएर कार्य गर्न सबैसंग आग्रह गर्नुभयो ।

कार्यक्रममा उपनिर्देशक माधव दंगालले सरुवा भई आउनु भएका निर्देशक गौतमलाई कार्यालयको तर्फबाट स्वागत गर्नुभयो । उक्त अवसरमा उहाँले निर्देशक गौतम सकारात्मक सोचका धनी व्यक्तित्व हुनु भएकोले जनकपुर कार्यालय प्रति जनमानसमा रहेको सकारात्मक धारणा थप विस्तार हुने विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उपनिर्देशक वासुदेव भट्टराईले सरुवा भई आउनुभएका निर्देशक गौतमलाई सम्पूर्ण कर्मचारीहरुको साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

उपनिर्देशक प्रल्हाद गिरी लगायत कार्यालयका अधिकांश कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुरका उपाध्यक्ष शिवनारायण झा, नेपाल वित्तीय संस्था कर्मचारी संघ, जनकपुरका अध्यक्ष गंगेशकुमार झा र नेपाल राष्ट्रिय कर्मचारी संगठन, जनकपुरका अध्यक्ष उदयकुमार मण्डलले पनि स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । स्वागत कार्यक्रमको सञ्चालन सहायक निर्देशक रामकाजी खाइजूले गर्नुभएको थियो ।

त्यसैगरी, कार्यालयबाट सरुवा हुनुभएका निर्देशक तुलसीप्रसाद घिमिरेको सम्मानमा कार्यालयले असोज ४ गते एक विदाई कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा निर्देशक घिमिरेलाई विदाई स्वरुप कार्यालयको तर्फबाट उपनिर्देशक भट्टराईले उपहार प्रदान गर्नुभएको थियो ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै निर्देशक घिमिरेले टिम वर्कबाट कार्य सम्पादन भएका कारण कार्यालयको कामकारवाही प्रभावकारी ढंगले सम्पादन गर्न सकेको बताउनु भयो । कर्मचारीहरुको साथ र सहयोगले सहज वातावरणमा कार्यसम्पादन हुन सकेको बताउँदै उहाँले यसका लागि सबै कर्मचारीहरु धन्यवादको पात्र भएको धारणा व्यक्त गर्नुभयो ।

## ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयको स्वीकृत वार्षिक कार्य योजना अनुसार आ ब. २०७४/७५ मा ४ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुरुप असोज ३१ गते कार्यालयको सभा हलमा पहिलो कार्यक्रमको आयोजना गरियो ।



उक्त कार्यक्रममा सहायक निर्देशक सुबोधमान श्रेष्ठले Transforming a Central Bank विषयमा प्रस्तुति दिनुभयो । सो कार्यक्रमको सभापतित्व कार्यालयका निर्देशक विनोदराज आचार्यले गर्नुभएको थियो ।

# जनकपुर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

कर्मचारीहरू बीच ज्ञानआदान प्रदान गर्ने उद्देश्यले जनकपुर कार्यालयले असोज २९ गते ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा जनकपुर कार्यालयका



निर्देशक रामप्रसाद गौतमले ज्ञान आदानप्रदान कार्यक्रममा कर्मचारीहरू बीच समसामयिक आर्थिक, मौद्रिक, बैंकिङ तथा वित्तीय क्षेत्रमा भए गरेका जानकारी दिइने भएकोले यसले दक्षता अभिवृद्धि तथा सीप विकासमा महत्वपूर्ण भूमिका खेल्ने कुरा बताउनु भयो। उहाँले कुनै कर्मचारीमा ज्ञान बाँड्ने सीप हुने र कुनैमा त्यसै ज्ञानको आवश्यकता रहने कुरा स्मरण गराउँदै ज्ञान आदानप्रदान कार्यक्रमले ज्ञान लिने र दिने दुवैलाई फाइदा पुग्ने कुरा उल्लेख गर्नुभयो ।

कार्यक्रममा उपनिर्देशक प्रल्हाद गिरीले बैंकिङ विकास तथा अनुसन्धान एकाइका कार्यहरू



र कार्यालयले अनुसन्धान गरेका कार्यहरूको सारांश तथा उपलब्धिको सारसंक्षेपमा आधारित ज्ञान आदानप्रदान कार्यक्रमको कार्यपत्र प्रस्तुत गर्नुभयो । साथै, कृषि कर्जा, कृषि उत्पादन तथा अनुसन्धान कार्यमा सङ्कलन गरिने तथ्याङ्कहरूको विश्वसनीयताका विषयमा उठेका प्रश्नहरूको जवाफ पनि उहाँले दिनुभयो ।

उपनिर्देशक गिरीकोकार्यपत्रमा जनकपुर कार्यालय अन्तरगत रहने बैंकिङ विकास तथा अनुसन्धान एकाइले गर्नेकामकारवाही, अनुसन्धानको प्रकृति, अनुसन्धान किन र कसरी गर्ने तथा एकाइले गरेका प्रमुख अनुसन्धानात्मक क्रियाकलापहरू बारे चर्चा गरिएको थियो । जनकपुर कार्यालय अन्तरगत कार्यक्षेत्रमा रहेका छ वटा जिल्लाहरूको आ.व. २०७३/०७४ को आर्थिक गतिविधि अध्ययन प्रतिवेदन, कार्यक्षेत्रका ४ वटा तराईका जिल्लाहरूमा बाढी/पहिरोले पारेको आर्थिक तथा वित्तीय प्रभाव बारेको अध्ययन, कार्यक्षेत्रका जिल्लाहरूमा वित्तीय पहुँचको अवस्था र नयाँ उद्योगहरू बारे संक्षिप्त अध्ययन विश्लेषण पनि सो प्रस्तुतिमा उल्लेख थियो ।

कार्यपत्रमा कृषि, उद्योग तथा सेवा क्षेत्रको वार्षिक स्थितिको बारेमा समीक्षा गरिएको थियो भने धान तथा नगदेबालीमा बाढीको प्रभाव, बैंक तथा वित्तीय संस्थाहरूको शाखा विस्तारको स्थिति, वित्तीय पहुँचका समस्याहरू, वित्तीय पहुँच बढाउनका लागि सुझावहरू समेत कार्यपत्रमा समावेश गरिएको थियो। उक्त कार्यक्रममा जनकपुर कार्यालयका अधिकांश कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# गभर्नर डा. नेपाल अन्तर्राष्ट्रिय कार्यक्रममा

गभर्नर डा. चिरंजीबि नेपाल AFI ले Egypt मा September 12 देखि 15 September सम्म आयोजना गरेको AFI- Global Policy Forum विषयक कार्यक्रममा सहभागी हुनुभयो । सो कार्यक्रममा संचालक समितिका सदस्य डा. शान्तराज सुवेदी पनि सहभागी हुनुहुन्थ्यो । साथै, गभर्नरको कार्यालयका का. मु. कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक रत्नेश्वरलाल कर्णको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

# डेपुटी गभर्नर श्रेष्ठ अन्तर्राष्ट्रिय कार्यक्रममा

डेपुटी गभर्नर शिवराज श्रेष्ठ SEACEN ले Malaysia मा September 6 देखि 8 सम्म आयोजना गरेको SEACEN High- Level Seminar & Meeting for Deputy Governers & SEACEN Policy Summit मा सहभागी हुनुभयो । विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक भुवन बस्नेत पनि सो सेमिनारमा सहभागी हुनुहुन्थ्यो ।

डेपुटी गर्भनर शिवराज श्रेष्ठ IFC ले Dhaka मा October 4 देखि 6 सम्म आयोजना गरेको Joint Learning Event on Sustainable Finance विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

# एकीकृत कारोबार

साविकका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु वेष्टर्न डेभलपमेण्ट बैंक लिमिटेड र नमस्ते वित्तीय संस्था लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई असोज २९ गते आइवारका दिनदेखि साविकका दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार “वेष्टर्न डेभलपमेण्ट बैंक लिमिटेड” को नामबाट सञ्चालन भएको छ ।

# अन्तर्राष्ट्रिय तालिम/सेमिनार/गोष्ठी/मिटिङ आदिमा सहभागिता

अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा SEACEN ले Malaysia मा August 25 मा आयोजना गरेको 12th SEACEN-BOJ Expert Group Seminar/Meeting on Capital Flows मा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल NEPSE ले Thiland मा September 6 देखि 8 सम्म आयोजना गरेको Annual Meeting of World Federation of Exchange मा तथा IFC ले USA मा October 16 देखि 17 सम्म आयोजना गरेको 5th Annual Meeting of the IFC-LEd मा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. शंकरप्रसाद आचार्य र विराटनगर कार्यालयका सहायक निर्देशक सुबोधमान श्रेष्ठ IBFI ले France मा September 11 देखि 13 सम्म आयोजना गरेको Transforming a Central Banking विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला र सहायक निर्देशक अनिलकुमार खनाल China Banknote ले China मा September 12 देखि 14 सम्म आयोजना गरेको Destruction Process of Rupee 1000 विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ, विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कडेल IFC ले Dhaka मा October 4 देखि 6 सम्म आयोजना गरेको Joint Learning Event on Sustainable Finance मा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक हरिशरण के. सी. तथा सहायक निर्देशक जगदिश कुमारको पनि सो Event मा सहभागिता रहेको थियो ।

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रमेशकुमार पोखरेल Federal Reserve Bank ले USA मा October 10 देखि 13 सम्म आयोजना गरेको Portfolio Management: Current Trends in Dollar Assets Market Course विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका का. मु. कार्यकारी निर्देशक निलम ढुंगाना European Central Bank ले Germany मा August 28 देखि 1 September सम्म आयोजना गरेको 17th ECB Seminar on Payment, Clearing and Settlement for Central Banks मा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक उपेन्द्रकुमार पौडेल Denmark Government को आयोजनामा September 25 देखि 29 सम्म Denmark को Exposure Visit मा सहभागी हुनुभयो । सोही विभागका उपनिर्देशक रामहरि दाहाल पनि उक्त Visit मा सहभागी हुनुहन्थ्यो ।

जनशक्ति व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक डा. गोपालप्रसाद भट्ट SECEN ले Myanmar मा September 29 देखि 30 सम्म आयोजना गरेको SEACEN-Executive Committee meeting मा तथा Federal Reserve Bank ले USA मा October 10 देखि 12 सम्म आयोजना गरेको Central Bank Seminar मा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ Bangladesh Bank ले Bangladesh मा August 26 देखि 27 सम्म आयोजना गरेको SAARCE Finance Coordinators Meeting मा सहभागी हुनुभयो।

विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक सुनिल उदास The Zurcer Kantonalbank ले Switzerland मा August 28 देखि 31 सम्म आयोजना गरेको Central Bank Seminar मा सहभागी हुनुभयो । सो Seminar मा गभर्नरको कार्यालयका उपनिर्देशकहरु सुरेश पन्त र गणेशमान महर्जनको पनि सहभागिता रहेको थियो ।

भुक्तानी प्रणाली विभागका निर्देशक रामबहादुर मानन्धर RBI Staff College ले India मा August 28 देखि 30 सम्म आयोजना गरेको Managing World of virtual Finance-Fintech Regulation विषयक कार्यक्रममा सहभागी हुनुभयो । भुक्तानी प्रणाली विभागका उपनिर्देशक कृष्णप्रसाद शर्मा र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक कृष्णबहादुर श्रेष्ठ पनि सो कार्यक्रममा सहभागी हुनुहन्थ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक रमण नेपाल IBFI ले France मा September 5 देखि 8 सम्म आयोजना गरेको Financial Stability & Macroprudential Policies of Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका निर्देशक डा. गुणाकर भट्ट IMF-SARTTAC ले India मा September 11 देखि 15 सम्म आयोजना गरेको Imerging Capital Flows: Macroeconomics Analysis and Policies विषयक कार्यक्रममा सहभागी हुनुभयो । सोही विभागका सहायक निर्देशकहरु अर्जुन सुवेदी तथा मीनप्रसाद पोखरेलको पनि उक्त कार्यक्रममा सहभागिता रहेको थियो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक हरिशरण के. सी. र सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेल BIS ले Swizerland मा September 18 देखि 19 सम्म आयोजना गरेको Supervisory Policy Implementation विषयक

क्रमशः १० पेजमा

९ पेजको बाँकी

कार्यक्रममा सहभागी हुनुभयो ।

समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका निर्देशक झलक शर्मा आचार्य तथा नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेल SEACEN ले Brunei मा September 25 देखि 29 सम्म आयोजना गरेको Dealing with Problem & Near Problem Banks Including Bank Off-site analysis and Monitoring Early Warning Indicatrors विषयक कार्यक्रममा सहभागी हुनुभयो । समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका उपनिर्देशक विवेक कोइराला र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सुरेश शिवाकोटी पनि सो कार्यक्रममा सहभागी हुनुहन्थ्यो ।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक मुकुन्द महत Federal Reserve Bank ले USA मा October 16 देखि 20 सम्म आयोजना गरेको Seminar on Central Bank मा सहभागी हुनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापा Bank of Korea ले South Korea मा October 24 देखि 27 सम्म आयोजना गरेको Financial Stability विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक जीवनप्रकाश पाण्डे, बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक गोविन्दप्रसाद भण्डारी र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक सुशील ज्ञवाली पनि सहभागी हुनुहन्थ्यो ।

टक्सार महाशाखाका का. मु. निर्देशक उद्धवलाल रञ्जितकार तथा मुद्रा व्यवस्थापन विभागका उपनिर्देशक मुकुन्दराज पौडेल Others ले France मा आयोजना गरेको September 18 देखि 22 सम्म आयोजना भएको Banknote Managers Seminar मा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका का. मु. निर्देशक आनन्द पौडेल तथा बैकिङ कार्यालयका उपनिर्देशक चन्देश्वर श्रेष्ठ BNM ले Malaysia मा September 19 देखि 20 सम्म आयोजना गरेको Seminar on Global Symposium on Development Financial Institutions मा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका का. मु. निर्देशक कृष्णमुरारी घिमिरे DBB ले Germany मा October 16 देखि 20 सम्म आयोजना गरेको Central Bank Governance विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका का. मु. निर्देशक चेतप्रसाद उप्रेती र वित्त व्यवस्थापन विभागका का. मु. निर्देशक प्रल्हाद थापा ISCB ले Turkey मा October 23 देखि 26 सम्म आयोजना गरेको Financial Markets and Instruments विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक इन्द्रा चम्लागाईं, राष्ट्र ऋण व्यवस्थापन विभागका उपनिर्देशक शिखा अधिकारी रेग्मी, वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक राजन अधिकारी र विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक रेशमबहादुर बल्छौडी SEACEN ले Korea मा August 27 देखि September 1 सम्म आयोजना गरेको Financial Cycles and Crisis विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशकहरु डा. डिल्लीराम पोखरेल, गुणराज भट्ट, नन्दकुमार ढकाल तथा सहायक निर्देशकहरु सिद्धराज भट्ट र मित्रप्रसाद तिम्सिना Bank of Korea ले Korea मा August 28 देखि September 1 सम्म आयोजना गरेको Interim Seminar मा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका उपनिर्देशक सुवासचन्द्र घिमिरे तथा सूचना प्रविधि विभागका उपनिर्देशक सहदेव चन्द WHD.Global ले USA मा September 10 देखि 12 सम्म आयोजना गरेको WHD.USA-Technology Conference मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक सुष्मा रेग्मी रिजाल तथा सहायक निर्देशकहरु विजय के. सी., अशोककुमार राई र वसन्ती श्रेष्ठ SEACEN ले Malaysia मा September 11 देखि 15 सम्म आयोजना गरेको Advance Capital Planning and Stress testing विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक नारायणप्रसाद पोखरेल Bank of Indonesia ले Indonesia मा September 11 देखि 15 सम्म आयोजना गरेको Workshop on Implementing Monetary Policy मा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका उपनिर्देशक नविना ढकाल, नेपालगञ्ज कार्यालयका सहायक निर्देशक ईला शर्मा र बैकिङ कार्यालयका सहायक निर्देशक दलबहादुर पौडेल National Assets-Liability Management Asia ले Singapore मा September 20 देखि 21 सम्म आयोजना गरेको 10th annual National Assets Liability Management Asia Conference मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठ र जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशक वीरेन्द्रदत्त अवस्थी तथा अनुसन्धान विभागका सहायक निर्देशकहरु सञ्जयप्रसाद मिश्र र राजेन्द्रप्रसाद मैनाली र SEACEN ले Mangolia मा October 1 देखि 6 सम्म आयोजना गरेको SEACEN-BOJ Intermediate Cource on Econometric Modeling & forecasting मा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक नरेन्द्रसिंह बिष्ट र सहायक निर्देशक बद्रिनारायण थापा तथा बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशकहरु निरज अधिकारी र मधुसुदन दवाडी SEACEN ले Malaysia मा October 9 देखि 13 सम्म आयोजना गरेको Advance Cource for Bank Examiners मा सहभागी हुनुभयो ।

क्रमश: ११ पेजमा

१० पेजको बाँकी

बैकिङ कार्यालयका उपनिर्देशक राजकुमार श्रेष्ठ र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक चन्द्रकुमार श्रेष्ठ ISCB ले Turkey मा October 16 देखि 20 सम्म आयोजना गरेको Central Bank Policy Mix:Issues Challenges and Policy Response विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक विष्णुमणि गौतम, बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक हरिगोपाल अधिकारी तथा सहायक निर्देशक राजनबाबु पाण्डे र वित्त व्यवस्थापन विभागका सहायक निर्देशक केदारप्रसाद पोखरेल SEACEN ले Philippines मा October 23 देखि 27 सम्म आयोजना गरेको Technology Risk in Banks Including Cyber security विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका सहायक निर्देशक मीना कुँवर कालीकोटे, संस्थागत योजना विभागका सहायक निर्देशक स्वेक्षा शाक्य, गभर्नरको कार्यालयका सहायक निर्देशक निर्मला खतिवडा र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक रजनी श्रेष्ठ CICTAB ले India मा August 28 देखि 31 सम्म आयोजना गरेको Woman's Development through Micro-finance विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक सृजना बज्राचार्य BIS ले Swizerland मा September 11 देखि 15 सम्म आयोजना गरेको Reserve and Assets Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक दिपक पौडेल र विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक रविप्रकाश मजगैयाँ CICTAB ले India मा September 18 देखि 22 सम्म आयोजना गरेको Management of Rural Financing Institutions & Cooperative for Rural Development विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक ईश्वरी लुइँटेल र राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशक मन्जु पौडेल IMF-SARTTAC ले India मा September 18 देखि 22 सम्म आयोजना गरेको Government Finance & Public Sector Debt Statistic विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशकहरु शिवनाथ योगी र भुवानीप्रसाद गौतम, विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक राजनप्रसाद रेग्मी तथा समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका सहायक निर्देशक टेकराज भण्डारी IMF-SARTTAC ले India मा September 18 देखि 26 सम्म आयोजना गरेको Financial Sector Survilliance विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक शारदा भट्ट र वीरगञ्ज कार्यालयका सहायक निर्देशक टीकाराम खतिवडा ISCB ले Turkey मा October 11 देखि 13 सम्म आयोजना गरेको Foreign Exchange Reserve and Risk विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशकहरु खगेश्वर भण्डारी, रविन्द्र महर्जन र अर्जुन सुवेदी तथा धनगढी कार्यालयका सहायक निर्देशक खड्कबहादुर चौधरी SEACEN ले Malaysia मा October 19 देखि 20 सम्म आयोजना गरेको Balance of Payment Measurement विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक अरुणकुमार साह BIS ले Singapour मा October 23 देखि 27 सम्म आयोजना गरेको Reserve Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

## सामूहिक लगानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४/१/२९ को निर्णयानुसार भूकम्प पीडितहरुको घर निर्माणको लागि सामूहिक लगानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि २०७४ स्वीकृत भएको र मिति २०७४/०६/०४ को निर्णयानुसार संसोधन समेत भई आएकाले संसोधन सहितको सो कार्यविधि कार्यन्वयन गर्नको लागि बैंक तथा वित्तीय संस्था नियमन विभागले ईजाजतपत्र प्राप्त सबै बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन दिएको छ ।

## समस्याग्रस्त मुक्त बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पुँजी सम्बन्धमा

क, ख, ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७४ को इ. प्रा. निर्देशन नं. २३/०७४ को बुँदा नं. ४ को उपबुँदा नं. (४) पछि उपबुँदा नं. (५) थप गरी समस्याग्रस्त घोषणा भई २०७४ असार मसान्तसम्ममा समस्याग्रस्त अवस्थाबाट मुक्त भैसकेका बैंक तथा वित्तीय संस्थाहरुले २०७६ असार मसान्तभित्र तोकिए बमोजिमको चुक्ता पुँजी पुऱ्याई सक्नुपर्ने व्यवस्था गरिएको छ । समस्याग्रस्त घोषणा भई रिजोलुसन प्रक्रियामा रहेका बैंक तथा वित्तीय संस्थाहरुले तोकिएको न्यूनतम चुक्ता पुँजीको कम्तीमा २५ प्रतिशत पुरा गरी न्यूनतम पुँजीकोष अनुपात समेत कायम गरी समस्याग्रस्त अवस्थाबाट मुक्त भएमा त्यस्तो अवस्थाबाट मुक्त भएको मितिले २ वर्षभित्रमा तोकिए बमोजिमको चुक्ता पुँजी पुऱ्याउनु पर्ने व्यवस्था गरिएको छ । साथै, कर्जा र प्राथमिक पूँजी निक्षेप अनुपात र प्राथमिकता प्राप्त क्षेत्र एवम् विपन्न वर्गमा प्रवाहमा गर्नुपर्ने गरी तोकिएको न्यूनतम कर्जा अनुपातमा कर्जा आवश्यकता तथा औचित्यताको आधारमा छुट दिन सकिने व्यवस्था गरिएको छ ।

२ पेजको बाँकी

## गभर्नर डा. नेपाल...



Director (DMD) Mr. Tao Zhang बीच शिष्टाचार भेटवार्ता भयो । भेटका अवसरमा डा. नेपालले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिको बारे जानकारी गराउनुका साथै IMF ले नेपाललाई हालसम्म प्रदान गरेका सबै प्रकारका सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो । सोही अवसरमा DMD Zhang ले नेपालको वर्तमान आर्थिक अवस्था प्रति सन्तोष प्रकट गर्नुहुँदै आगामी दिनहरुमा नेपालको आर्थिक तथा वित्तीय क्षेत्र सुदृढीकरणका लागि कोष सबै प्रकारका सहयोग उपलब्ध गराउन तयार रहेको बताउनु भएको थियो ।

गभर्नर डा. नेपालका साथ अमेरिका गएको टोलीमा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा र गभर्नरको कार्यालयका सहायक निर्देशक सौरभ पोखरेल पनि सम्मिलित हुनुहुन्थ्यो ।

## आ.व. २०७४/७५ को दुई महिनाको तथ्याङ्कमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति

### मुद्रास्फीति

वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.४ प्रतिशत । खाद्य मुद्रास्फीति १.८ प्रतिशत । गैर-खाद्य मुद्रास्फीति ४.७ प्रतिशत । हिमालमा ५.४ प्रतिशत, तराईमा ३.८ प्रतिशत, पहाडमा ३.४ प्रतिशत र काठमाडौं उपत्यकामा २.८ प्रतिशत । वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर १.५ प्रतिशत ।

### वैदेशिक व्यापार

कुल वस्तु निर्यात रु. १३ अर्ब ५८ करोड । कुल वस्तु आयात रु. १६५ अर्ब ४१ करोड । कुल वस्तु व्यापार रु. १५१ अर्ब ८३ करोड । निर्यात-आयात अनुपात ८.२ प्रतिशत ।

### विप्रेषण आप्रवाह/विदेशी विनिमय सञ्चिति

विप्रेषण आप्रवाह रु. ११५ अर्ब ५५ करोड । वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ७.२ प्रतिशतले घटेको । कुल विदेशी विनिमय सञ्चिति रु. १०७९ अर्ब ९७ करोड । आ. व. २०७४/७५ को पहिलो दुई महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १३.३ महिनाको वस्तु आयात र ११.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने ।

### राजस्व

कुल राजस्व सङ्कलन रु. ८८ अर्ब ७९ करोड ।

## समाचारको प्रतिनिधि चयन

बैंकका उपत्यका बाहिरका कार्यालयहरुबाट सम्पन्न गरिने मिटिङ, सेमिनार, तालिम, गोष्ठी, अन्तरक्रिया, अनुशिक्षण, उद्घाटन आदि कार्यक्रमहरुसँग सम्बन्धित समाचारहरु फोटो सहित समयमै प्रेषित गरी नेपाल राष्ट्र बैंक समाचारमा प्रकाशनार्थ समन्वय गर्नका लागि उपत्यका बाहिरका सबै कार्यालयहरुमा समाचार प्रतिनिधि चयन हुनुभएको छ ।

यसरी चयन हुनुभएका प्रतिनिधिहरुमा प्रधान सहायक सुनिल अधिकारी (विराटनगर कार्यालय), सहायक निर्देशक रामकाजी खाइजू (जनकपुर कार्यालय), सहायक लालकुमार सुवेदी (वीरगञ्ज कार्यालय) र सहायक निर्देशक दिपेश प्रधान (पोखरा कार्यालय) रहनु भएको छ ।

यसैगरी, सहायक शंकरप्रसाद भट्टराई (सिद्धार्थनगर कार्यालय), सहायक निर्देशक रमेशकुमार मल्ल (नेपालगञ्ज कार्यालय) र सहायक निर्देशक पृथु शर्मा बिनाडी (धनगढी कार्यालय) पनि नेपाल राष्ट्र बैंक समाचारको प्रतिनिधि चयन हुनुभएको छ ।

## अवकाश

संस्थागत योजना विभागका सहायक निर्देशक सुरज खत्री, वीरगञ्ज कार्यालयका प्रधान सहायक इन्द्रप्रसाद दुलाल, विराटनगर कार्यालयका सहायक डम्बरबहादुर खत्री, बैंकिङ कार्यालयका मेकानिकल सुपरभाइजर श्यामकृष्ण श्रेष्ठ र जनकपुर कार्यालयका कार्यालय सहयोगी प्रथम रितबहादुर अधिकारीले बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

उहाँहरु मध्ये मेकानिकल सुपरभाइजर श्रेष्ठले ५८ वर्षको उमेर हदका कारणले र अन्य सबैले ३० वर्षे सेवा अवधिका कारणले अवकाश पाउनु भएको हो ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाइट : www.nrb.org.np

*सम्पादक*
शम्भुनाथ ढुङ्गाना

*सम्पादन सहयोगी*
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६